# शैल्यशिखर नगरपालिका खेलकुद संचालन खर्च निर्देशिका, २०७९

**प्रस्तावनाः** शैल्यशिखर भित्र खेलकुद सम्वन्धी विविध गतिविधिलाई संचालन, रेखदेख, व्यवस्थापन, खेलकुद सम्वन्धि पूर्वाधार निर्माण, खेलकुद मार्फत स्वास्थ्य जीवन एवं मनोरञ्जन प्रदान गर्ने, खेलाडीहरूको व्यवसायिक हकहित संरक्षण गर्ने र खेलको माध्यमवाट शैल्यशिखरलाई पहिचान दिने मुख्य ध्येयका साथ शैैल्यशिखर नगरपालिकाले नगर खेलकुद विकास समिति गठन गरी आफ्नो कार्य अगाडी वढाइरहेको र कार्य संचालन गर्दा खेलकुदको कार्य प्रकृतिका आधारमा रेफ्री, सहायक रेफ्री, स्वयम सेवक, प्राविधिक, कार्यक्रम संयोजक, खेलाडीको यातायात खर्च लगायतका विभिन्न कार्यमा खर्च भुक्तानी गर्नुपर्दा निश्चित मापदण्ड नभएको यो कार्यबिधी जारी गिरएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो निर्देशिकाको नाम शैल्यशिखर नगरपालिका खेलकुद संचालन खर्च निर्देशिका २०७९’’ रहने छ।

ख) यो निर्देशिका कार्यपालिकाल निर्णय गरेको मिति देखि प्रारम्भ हुने छ।

**२. परिभाषा –** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) “कार्यविधि” भन्नाले शैल्यशिखर नगरपालिका खेलकुद विकास कार्यविधि २०७९ लाई सम्झनुपर्दछ।

ख) “संयोजक” भन्नाले कार्यविधिको दफा ३(१) अनुसार गठित विकास समितिको संयोजकलाई सम्झनुपर्दछ।

ग) “सदस्य सचिव” भन्नाले कार्यविधिको दफा ३(१) बमोजिम नगर खेलकूद विकास समितिको सदस्य सचिवलाई सम्झनुपर्दछ।

**३. उद्देश्य – यो निर्देशिकाको उद्देश्य देहाय अनुसार हुनेछः**

क) शैल्यशिखर नगरपालिका, खेलकूद विकास समितिले संचालन गर्ने राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता र अन्य खेलकुद समिती र कार्यदलका सदस्य रेफ्री, सहायक रेफ्री, एम्पायर, लायन्समेन, खेलाडी लगायतका स्वंयमसेवका भत्ता, खाजा खाना लगायतका खर्चलाई व्यवस्थित गर्न र खर्च गर्दा पारदर्शिता एवं एकरुपता प्रदान गर्ने,

ख) खेलकुद विकास समितिले संचालन गर्ने कार्यमा प्राविधिक जनशक्तिको पारिश्रमिक निर्धारण गर्ने,

## परिच्छेद – २

## पारिश्रमिक सम्बन्धी व्यवस्था

नगर खेलकुद विकास समितिले संचालन गर्ने खेलकुदको प्राविधिक जनशक्तिको पारिश्रमिकको व्यवस्था गर्ने सम्बन्धमा, **क) मुख्य रेफ्रीको भत्ता –** शैल्यशिखर नगरपालिकाबाट खेलकुद प्रतियोगिता संचालन गर्दा राष्ट्रिय एवं प्रादेशिक, जिल्लास्तरमा कम्तिमा १० वर्ष सम्वन्धीत खेल सम्वन्धी अनुभव प्राप्त गरेका रोष्टर सूचिका खेलाडीलाई रेफ्री मनोनयन गरिने छ । मनोनित मुख्य रेफ्रीले प्रतिदिन रु.२,५००।– भत्ता उपल्ध गराईने छ ।यस बाहेक अन्य कुनै किसिमको सेवा सुविधा उपलब्ध गराईने छैन ।

**ख) सहायक रेफ्रीको भत्ताः–** खेलको प्रकृति र नियम अनुसार सहायक रेफ्रीमा सुचीकृत रोष्टरबाट नै मनोनित गरिने छ । निजलाई प्रतिदिन रु.२०००। यस बाहेक अन्य कुनै किसिमको सेवा सुविधा उपलब्ध गरिने छैन ।

**घ) स्वयम सेवकको खर्चः–** खेलकूद संचालन गर्दा पानी, खाजा, खेल सामाग्री तथा खाजा, पानी वापतका सहयोग गर्नका लागि खेलको प्रकृति र आवश्यकता अनुसार स्वयम् सेवक खटाउँदा यातायात, खाना खाजा वापत प्रतिदिन प्रति व्यक्ति रु.७५०।– का दरले प्रदान गर्न सकिनेछ ।

**ङ) प्राविधिक सहयोगीको भत्ताः–** नगरको प्रतिनिधित्व हुने गरी विभिन्न खेलकूदमा भाग लिन जादाँ खेलाडीलाई पूर्व तयारी गराउन नगर खेलकूद विकास समतिको निर्णय अनुसार खटाइएका कोच, प्रशिक्षक र व्यवस्थापक लगायतका प्राविधिक जनशक्तिलाई खेलको प्रकृति अनुसार वढीमा १५ दिन सम्मको लागि प्रतिदिन रु.२०००।– भत्ता उपल्ध गराईने छ ।यस बाहेक अन्य कुनै किसिमको सेवा सुविधा उपलब्ध गराईने छैन ।

**च) खेलाडीको दैनिक भ्रमण भत्ता सम्वन्धी सुविधाः–** शैल्यशिखर नगर को प्रतिनिधित्व हुने गरी नगर खेलकूद विकास समितिको निर्णय अनुसार विभिन्न जिल्ला स्तरीय, प्रदेश एवं राष्ट्रिय स्तरका खेलमा सहभागी हुने खेलाडीहरूलाई आउँदा–जाँदा एक पटकमा वढीमा ७ दिन सम्म दैनिक रु.१०००।– का दरले दैनिक भ्रमण भत्ता खर्च वापत पाउने छ । प्रशिक्षक प्रशिक्षार्थी खेलकुद ड्रेस वापत वढिमा रु.२०००।– सम्म प्रति व्यक्ति खर्च गर्न सकिने छ ।

छ) शैल्यशिखर नगरपालिका खेलकुद बिकास समितिका पदाधिकारीहरुको खेल अवधिमा खटिएका सदस्यहरुको भत्ता प्रति दिन रु.१०००।अक्षरेपी रु एक हजारका दरले उपलब्ध गराईने छ।

ज) अन्य खर्च समितिको निर्णय अनुसार गरिने छ ।

## परिच्छेद – ३

## विविध

क) यस निर्देशिका कार्यान्वयन गर्दा आर्थिक भार पर्ने गरी हुने निर्णय गर्नु पूर्व शैल्यशिखर नगरपालिका कार्यपालिकाको स्विकृती लिनु पर्नेछ ।

ख) यस निर्देशिका मा लेखिएका कुरा यसै बमोजिम र यस बाहेकका कुरामा कार्यबिधी वमोजिम हुनेछ ।

ग) यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्धिविधा उत्पन्न भएमा सो को वाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ ।